# प्रदेश सभा
## प्रदेश नं. ४
## दोश्रो अधिवेशन
## (दोश्रो बैठक)
## कार्यवाहीको सम्पूर्ण विवरण

### मिति : २०७५/०२/१६ गते, समय ४५ मिनेट ५५ सेकेण्ड

प्रदेश सभाको दोश्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्रृजना शर्माको अध्यक्षतामा बुधबार दिनको ५:१६ बजे प्रारम्भ भयो ।

**माननीय सभामुखः**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । सर्वप्रथम म आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश आकस्मिक कोष सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बसेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङः**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल जेष्ठ १६ गते प्रस्तुत भएको प्रदेश आकस्मिक कोष सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेश नम्बर ४ प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि विचार गरियोस भनी प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सभामुखः**

माननीय सदस्यहरु, अब प्रदेश आकस्मिक कोष सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक माथि विचार गरियोस भन्ने प्रस्ताव माथि सामान्य छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिन सर्वप्रथम म माननीय सदस्य रोसन गाहा मगरलाई छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय रोसन गाहा मगर :**

माननीय सभामुखज्यू, माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले प्रदेश आकस्मिक कोषको सन्दर्भमा पेश गर्नुभएको विधेयकको सन्दर्भमा हामीले प्राप्त गरेको संविधानमा व्यवस्था भए बमोजिम भविष्यमा हुन सक्ने त्यस्तो खालको आकष्मिक बाढी, पहिरो, भूकम्प, आगजनि, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद सम्बन्धमा यो प्रदेश सरकारले प्रदेश आकस्मिक कोष जम्मा गरेपछि आर्थिक नीतिगत रुपमा कानून सम्वत हामीले व्यवस्थापन गर्न सक्यौ भने यो प्रदेशमा रहेको जनताले राहत महशुश गर्नेछ भन्ने कुरा मैले विश्वास लिएको छु र भविष्यमा यस्तो खालको घटनाले कुनै पनि यो प्रदेशमा रहने नागरिकले त्यो कोषबाट अथवा यो प्रदेश आकस्मिक कोषबाट मैले राहत पाएन र यो कोषबाट जनताले महशुश गर्न नपरोस कि नीतिगत रुपमा माग गर्ने रकम नीतिगत रुपमा फर्छ्यौट गर्ने र सम्बन्धित निकायले पनि तेल्लाई समयमै फरफारक गर्ने कुरामा हामी जानु जरुरी छ। कानूनी राज्य भएको हुनाले यो कुरालाई हामीले व्यवस्थित तरिकाबाट व्यवस्थापन गर्ने र यो प्रदेश आकस्मिक कोषलाई स्थापना गरिसके पछि कोषमा रकम जम्मा गर्ने र नीतिगत रुपमा यसलाइ माग गरेर नीतिगत रुपमा यसलाई फर्छ्यौट गर्ने कुरामा हामी जान सक्यौ र गयौ भने यसले राम्रो गर्नेछ र मलाई विश्वास छ र यो गरिमामय सदनलाई पनि विश्वास छ कि माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले पेश गर्नुभएको अब यो विधेयक राम्रो छ र भोलि गएर त्यो खालको घटनाबाट सरल तरिकाबाट यो कोषबाट राहत प्राप्त गर्ने कुरामा सहज बनाउनको निम्ति यो विधेयक राम्रो छ। यसले भोलि जनताको निम्ति राम्रो राहत दिनेछ भन्ने विश्वास साथ आफ्नो भनाईलाई यही अन्त्य गर्न चाहन्छु धन्यवाद ।

**माननीय सभामुख :**

अब म माननीय सदस्य डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय डोबाटे विश्वकर्मा :**

माननीय सभामुखज्यू, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङजिले आकस्मिक कोष सम्बन्धि प्रस्तुत कार्यान्वयन गर्न बनेको विधेयकको सम्बन्धमा वास्तवमा यो ज्यादै महत्वपूर्ण कोष हो किनभने बाढी पहिरो आगो लागि विपद व्यवस्थापन विभिन्न

खालका हाम्रा आईपर्ने समस्याहरु हुन्छन । अस्ति भर्खर मात्रै यो बैशाखमा धेरै ठाउँमा घर आगोलागि भए धेरै ठाउँमा बाढी पहिरोहरुले क्षति बनाएको छ तर हामीहरुले त्यो बेलामा हामीले यहाँ सदनबाट जानकारी पनि गरायौ तर कुनै त्यसलाई कार्यान्वयन पक्षमा जान सकेन र त्यहाँ ति गरिब जनताहरुले पिडित जनताहरुले त्यस्तो खालको राहत पाउन नसकेको अनुभूति भाको छ र विगत व्यवस्थापनमा र यो यो जुन आकस्मिक कोष छ घर आगोलागि हुने जिल्ला प्रशासन कार्यालयले ५ हजार रुपियाँ दिने र रेडक्रसले एउटा कम्बल दिने १ जोर भाडाँ दिने यस्तो खालको अवस्थाले अहिलको महङ्गिको अवस्थामा कसरी उनिहरुको राहत हुन सक्छ ? त्यसले गर्दा पनि निश्चय पनि यो आकस्मिक कोष स्थापना भएर यल्ले पारदर्शि ढङ्गबाट हामीले जनतालाई  राहत पुर्याउन सकेम भने यसको उपलब्धि हुनेछ भन्ने लाग्छ । जसरी अहिले भूकम्प पछिको हाम्रो प्राधिकरण बन्यो । त्यहाँ बनिसकेपछि जसरी अहिले सम्म ३ वर्ष सम्म जनताले राहतको महशुश र अनुभूति गर्न सकेका छैनन् । अहिले सम्मनि घरहरु निर्माण गर्न सकेका छैनन् तर त्यो त्यहाँका मुख्य कार्यकारी प्रमुख मत्रै फेरबदल गर्ने र त्यसको एउटा बडा अप्ठेरो खालको अनुभूति सिर्जना भएर जनताले काहाँबाट अब त्यो किन हो हामीले बुझेका छैनम । अब त्यो कार्यकारी प्रमुख जनताको काम चाडै र ति भूकम्प पिडितहरुले चाडै घर बनाई निर्माण गरेर उनिहरुले एउटा राहत पाउनका सट्टा राजनीति चलखेलले कार्यकारी प्रमुख फेरबदल मात्रै गर्नि र त्यहाँको अब चलखेलको कारणले गर्दा खेरी पनि जनताले राहत पाउन नसकेको अवस्थाहरु छ । त्यसकारणले हाम्रो यो प्रदेशको जुन आकस्मिक कोष छ यो कोषमा विभिन्न संघ संस्था गैर सरकारी संस्था (सभामुखः- माननीय सदस्य समय सकियो) अन्तराष्ट्रिय क्षेत्रबाट हुन सक्ने त्यो सहयोगलाई यथार्थ र पारदर्शि ढङ्गबाट हाम्ले वितरण गर्न सक्यो भने जनताको ले राहतको अनुभूति गर्नेछन धन्यवाद । जय नेपाल ।

**माननीय सभामुख :**

अब म माननीय सदस्य विनोद के.सी.लाई छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय विनोद के.सी.:**

माननीय सभामुखज्यू, माननीय आर्थिक मामिला योजना मन्त्री  किरण किरण गुरुङजिले यो आकस्मिक कोष जुन ल्याउनु भएको छ यो असाध्यै उपयोगि छ । यो कोषले मलाई लाग्छ प्रदेश सरकारको प्रत्यक्ष समस्यामा परेका जनताहरुकालाई छिटो भन्दा छिटो त्यहाँ प्रदेश सरकार छ भन्ने अनुभूति दिनको लागि यो कोष अतिनै उपयोगि छ अझ मलाई मैले भन्छु यो अझै केही ढिलो भएर आयो जस्तो मलाई मान्छु । यो धेरै छिटो आउन पर्नेनै

थियो किनभने अब वर्षाको समय छ हाम्रो पाहाडी एरिया हामीसंग धेरै छ र यो वर्षादको समयमा हामीले विभिन्न खालका विपत्तिहरु चुनातीहरु हामीले सामना गर्नु पर्ने हुन्छ । अहिले भर्खरै मात्रै म्याग्दीमा मात्रै एउटा बाढी आएर १० वटा घर एकैचोटि पुर्ने अवस्था बन्यो र हामी त्यहाँ पुग्दै गर्दा खेरी हाम्रो यदि प्रदेश सरकारको यो कोष त्यति बेला हुन्थ्यो भने हामी जनतालाई प्रत्यक्ष प्रदेश सरकारको अनुभूति दिलाउन सक्थ्यौ । यतिबेला जिल्लाहरुमा जम्मा सिडियोको नेतृत्वमा आकस्मिक कोष भनेर अधिकतम १० हजार भन्दा दिन नमिल्ने गरी जुन खालको कोष छ यो कोष अहिलेको महङ्गीमा अहिलेको अवस्थामा त्यो पिडितहरुलाई खासै प्रत्याभूति हुन नसक्ने अवस्थामा प्रदेश सरकारले यो जुन खालको यो आकस्मिक कोष लिनुभएको छ यसले वास्तवमा जनताहरुले प्रदेश सरकार छ भन्ने अनुभूति पाउनेनै छन् र यो कोषलाई मलाई लाग्छ हामी सबैले यो यसको सराहाना गर्नेछौ र यो कोषको हामी सबैले एकमुष्ठ यसको यो प्रस्तावलाई हामी पास गरी यो कोषको हामी प्रत्यक्ष रुपबाट जनतासंग जोडिने वातावरण हुनेछ भन्ने विश्वास राख्दै यो कोषको म पूर्ण रुपले समर्थन गर्दै मेरो भनाई यही अन्त्य गर्दछु । हसत धन्यवाद नमस्कार ।

**माननीय सभामुख :**

अब म माननीय सदस्य पियारी थापालाई छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय पियारी थापा.:**

माननीय सभामुखज्यू, आजको सभामा प्रदेश आकस्मिक कोष सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक उपर सैद्धान्तिक छलफलको क्रममा रहेका छौ । आकस्मिक कोष आफैमा अत्यन्तै महत्वपूर्ण कोष हो भन्ने मैले बुझेको छु । प्राकृतिक तथा मानव सिर्जित त्यस्तो प्रकारको दुर्घटना घटना विपदबाट सिर्जित जनधनको क्षतिबाट जनधनको क्षति हुनबाट यथाशिघ्र कम गर्न र क्षतिग्रस्त अवस्थालाई तत्काल राहत तथा उद्दार गर्नका लागी प्रदेश सरकारले आफ्नै बलबुतामा कोष निर्माण गरेको हुन्छ । यसले मानविय क्षतिलाई कमसे कम गर्ने र भौतिक संरचनाको निर्माणार्थ प्रदेशको क्षति ग्रस्त दुर्घटना ग्रस्त प्रकोपमय अवस्थाबाट जनतालाई तत्काल राहत पुर्याउनका निमित्त रकम निकाशा गर्नेमा महत्वपूर्ण काम गर्ने भएकोले कोषको औचित्य दर्शाईरहन पर्छ जस्तो मलाई लाग्दैन । हुनत हामीले ईतिहासबाट ईतिहासबाट देखेका छौ । साक्षी छ ईतिहास पनि कि यस्ता प्रकारका कोषबाट तत्काल रकम निकाशा गरी प्रकोपमय क्षतिग्रस्त क्षेत्रलाई त तत्काल सम्बोधन गर्न नसकेको र प्रशस्त उदाहरण पनि हामीसंग छ । म चाहन्छु अब आगामी दिनमा यस्ता प्रकारका लाचार दुराचार हुन नपरोस र जनतालाई लाभबाट बञ्चित गर्ने र

Commented [D1]:

चुहावट हुने समस्यालाई निरुत्साहित गर्ने कार्यमा तदारुकता प्रदेश सरकारले देखाउनु पर्ने हुन्छ र आकस्मिक कोषको बारेमा छलफल चलिरहदाँ कतिपय अवस्थामा मानविय कारण पनि यस्ता प्रकारका परिस्थितिहरु सिर्जना हुने गर्दछन् जसलाई रोक्नका लागी सरकारले उचित प्रकारको मापदण्ड तयार गर्दै अगाडी बढोस भन्ने कामना पनि व्यक्त गर्न चाहन्छु र यस्ता दुर्घटना कहिं कतै नहोस पनि भन्न चाहन्छु र यस्ता संरचनाहरु निर्माण गर्दा प्रदेश सरकारले उचित भूमिका आधाहा गरोस भन्ने पनि चाहन्छु र प्राकृतिक विपद बाजा बजाएर आउँने पनि होईन यसका लागी पूर्व तयारीहरु यथेष्ट मात्रामा होस भन्ने कामना पनि गर्दछु र हामीले  जतिसुकै राम्रा आयोजना नीति कार्यक्रमहरु ल्याए पनि यसको सफल कार्यान्वयन हुन नसक्दा जनताहरु पिडितको पिडितमय अवस्थामा रहन बाध्य हुन परेको छ तसर्थ यसको कार्यान्वयन पक्षलाई अत्यन्तै सवल रुपमा अगाडी बढाउनका निमित्त र सरकारले कोषको अत्यन्तै प्रभावकारी तवरले कार्यान्वयनको पक्षलाई बढी महत्वपूर्ण दिनुपर्छ भन्दै मेरा दुई चार शब्द यही टुङ्ग्याउँछु हस त धन्यवाद ।

**माननीय सभामुख :**

अब म माननीय सदस्य श्री हरिशरण आचार्यलाई  छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय हरिशरण आचार्य :**

माननीय सभामुखज्यू, हामी यो आकस्मिक कोषको यो सन्दर्भ यो कोष बडो मिठो पनि हुन्छ । यो खानलाई पनि सजिलो हुन्छ, बाड्नलाई पनि सजिलो हुन्छ तर यसलाई कसरी खाने र कसरी बाड्ने भन्ने कुरा मिलाउन जरुरी छ जस्तो लाग्छ मलाई सैद्धान्तिक हिसाबले मैले छलफलमा भाग लिदै गर्दा मैले अनुभूति गरेको कुरा के हो भने विगतमा धेरै कोषहरु निर्माण गरिन्छ र त्यो निर्माण गर्दा खेरी ति कोषहरुलाई बाड्ने प्रचलन आफू एउटा व्यक्तिगत स्वत्तोमा भर पर्ने व्यक्तिगत स्वायत्तता जस्तो बन्ने खालको यो विगतका परम्पराहरु बनेका छन् तर यसलाई साच्चै हामीले एउटा नयाँ तरिकाबाट बाड्ने र सबैले न्यायको अनुभूत गर्ने र जो अहिले पुर्नसंरचित प्रकारको राज्य संरचनाको एउटा साच्चै अनुभूत गर्न सक्ने खालको एउटा विधिको विकास गर्न जरुरी छ मैले त्यतातिर जोड गर्न चाहन्छु र जो यो विधेयक अन्तर्गत मतलव यो आकस्मिक कोष अन्तर्गत मैले मलाई अनुभूति भएको कुरा के हो भने हामी आज यो आकस्मिक कोष त निर्माण गरिराखेका छौ तर यसलाई कतिपय अवस्थामा यो धेरै ढिलो मैले त भन्ने गरेको छु पुनर्निर्माण प्राधिकरण बनाईन्छ तर त्यो पुनर्निर्माण प्राधिकरण ६ महिना पछाडी बनाईन्छ अनि भूकम्प गैसकेको

छ भूकम्प गैसके पछाडी ६ महिना पछाडी  पुनर्निर्माण प्राधिकरणले काम गर्छ । अहिले तो पुनर्निर्माण प्राधिकरणले कुनै पनि काम गरेको छैन अथवा यस्ता अहिले हामी  कोष एउटा निर्माण गर्छौं तर तो कोष हामी निर्माण त गरी राखेका छौ आज हामी बेलैमा कोष निर्माण गरेका छौ तर त्यो कोषले तो बेलामा फेरी जनताको ठाउँमा जो पिडासंग तो पुग्ने खालको एउटा वातावरणमा हामी बनाउन सक्छौ कि सक्दैनौ यो कुरापट्टी जोड गर्दै म आफ्नो विषयवस्तु टुङ्गयाउन चाहन्छु धन्यवाद नमस्कार ।

**माननीय सभामुख :**

अब म माननीय आर्थिक मामिला तथा योजन मन्त्री  श्री किरण गुरुङलाई  छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

**आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ:**

माननीय सभामुख महोदय, सबै माननीय सभासदहरु अब जसले यहाँ रोष्टममा आएर आकस्मिक कोषको बारेमा समर्थन गरेर जानुभको छ दलको तर्फबाट र म वहाँहरु सबै माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । म धेरै थप्न चाहन्न आकस्मिक कोषको बारेमा हामी सबै यसबारे जानकार छौ र खास गरेर आकस्मिक कोष भनेको जुनसुकै अवस्थामा हुने विपद आपत या घटनाको निम्ति तुरुन्त त्यसको व्यवस्थापन गर्नका निम्ति राहत उपलब्ध गराउनका निम्ति त्यसबाट धेरै क्षति हुन नदिनका निम्ति गरिनु पर्ने जे जति राज्यको पक्षबाट सरकारको पक्षबाट जे जति कामहरु गरिनु पर्छ त्यसका निम्ति जुन रकम कोष आवश्यक पर्छ त्यो आवश्यक अब कोषको निम्तिनै यो कोष खडा भको हो र यसका निम्ति माननीय सदस्यहरुले जुन ध्यान आकर्षण गर्नुभको छ कि यसलाई एउटा विधिसम्मत ढङ्गले अगाडी बढाउनु पर्छ भन्ने कुरा र यसमा म सहमत छु र एकद्धार र एउटा फास्ट ट्र्याकमा विधिपूर्वक ढङ्गले यसलाई खर्च गर्ने व्यवस्था गरिनेछ भन्ने कुरा पनि यहाँहरुलाई अनुरोध गर्दै म आफ्नो भनाई यही समाम्त पार्छु हस त धन्यवाद ।

**माननीय सभामुख :**

माननीय सदस्यहरु, अब म माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरिबहादुर चुमानलाई स्थानीय तहको कानून निर्माण प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानून मन्त्री हरिबहादुर चुमान :**

माननीय  सभामुख महोदय, सभामुख महोदयको अनुमतिले सम्मानित सभामा मिति २०७५ साल जेठ १६ गते प्रस्तुत भएको स्थानीय तहको कानून निर्माण प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश नम्बर ४ प्रदेश नम्बर ४ प्रदेश सभा नियमावलि २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव प्रस्तुत गर्दछु धन्यवाद ।

**माननीय सभामुख :**

माननीय सदस्यहरु, अब स्थानीय तहको कानून निर्माण प्रकृया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्रै छलफल हुने व्यहोरा अनरोध गर्दछु । छलफलमा भाग लिन सर्वप्रथम  म माननीय सदस्य श्री मिन प्रसाद गुरुङलाई  छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय मिन प्रसाद गुरुङ :**

सभामुख महोदय, स्थानीय तहको कानून निर्माण प्रकृयाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको छलफलको लागी आन्तरिक मामिला तथा कानून मन्त्रीले यो प्रस्तुत गर्नुभको यो विधेयक प्रति स्वभाविक रुपले स्थानीय कार्यकारी अधिकार स्थानीय सरकारलाई संविधानको धारा २१४ त्यस्तै गरेर विधायिनि अधिकार संविधानको धारा २२१ लगायत यसरी प्रक्षेपण गरेको हुनाले यस्तै गरेर संविधानको अनुसूचि ८ अनि यस्तै गरेर ९ मा यी अधिकारहरुलाई व्यवस्थित गर्नको लागी संविधानमा किटानी गरेको र संविधानको धारा २२६ को उपधारा १ अनुसार यो संविधानलाई यो स्थानीय निकायको कानून निर्माणको काममा व्यवस्थित गर्न प्रदेश सभामा प्रवेश गर्न पनि र त्यसलाई २२६ को उपधारा २ अन्तर्गत संविधान संविधानले निर्दिष्ट गरे अनुसार प्रदेश सभामा यसलाई प्रस्तुत गर्नु पर्ने भको हुनाले स्वभाविक रुपले लोकतन्त्र भनेको एउटा विधिको शासन हो र विधिसम्मत किसीमबाट चाहे त्यो व्यक्ति होस चाहे संस्था हुन् यो परिचालित हुन पर्नि त्यसो भको हुनाले स्वभाविक रुपले अहिले हामी संघियतामा गैरहेको बेलामा जसरी स्थानीय सरकारहरुलाई हामी संस्थागत गर्नि बलियो गर्नि हिजो हामीहरुले बोलेका जस्तै र भनेका जस्तै जनताको अपेक्षा अनुसार सिंहदरबारको अधिकार गाउँ गाउँमा पुर्याउने कुरालाई संस्थागत गर्नको लागी यो अति अपरिहार्य भएको हुनाले यसमा म पूर्ण समर्थनको साथ म आफ्नो भनाई अन्त गर्छु धन्यवाद ।

**माननीय सभामुख :**

अब म माननीय सदस्य ललित कला गुरुङलाई  छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय ललित कला गुरुङ .:**

माननीय सभामुख महोदय, स्थानीय तहको कानून निर्माण प्रकृयाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि बिचार गरियोस भन्ने प्रस्ताव माथी हामी छलफल गर्न गैरहेका छौ र स्थानीय तहको नीति कानून निर्माणको कुरा गर्दा संविधानमा को धारामा व्यवस्था भए अनुसार स्थानीय तहमा काम गर्न काम कारवाही गर्न सहजताको निम्ति र राम्रो काम गर्ने सहज र नराम्रो काम गर्नेको निम्ति सजायँको निम्ति कानून बनाईएको हुन्छ र बन्ने गर्छ र त्यस कानून बनाउने हामी यस प्रदेश सभाबाट हामी कानून बनाएर हामी विधेयक पास गरिसकेका छौ र यस विधेयकलाई प्रभावकारी रुपमा कार्यन्वयन होस र गरियोस भन्ने हाम्रो चाहना हो र यसको लागी हामीले प्रदेश सभाले स्थानीय तहलाई जुन कानून निर्माण गरिएको छ त्यस प्रति मेरो आफ्नो र पार्टीको तर्फबाट सही तरिकाले कार्यान्वियन होस भन्ने शुभकामनाका साथ म यहाँबाट बिदा हुन चाहन्छु धन्यवाद  जयनेपाल ।

**माननीय सभामुख :**

अब म माननीय सदस्य हरिशरण आचार्यलाई  छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु।

**माननीय हरिशरण आचार्य.:**

माननीय सभामुखज्यू, हामी यो मुलुकको पाना पछाडीबाट पल्टाई राखेका छौ । अगाडीबाट पल्टाएको भए शायद स्थानीय तहको कानून अहिले होईन अहिले हामी यहाँ कानूनको कुरा गरिराखेका छौ स्थानीय तहलाई आफ्नो कानून बनाएर शुरु गरिसकेको  छ । यो कानून मलतब यो कानून विषय वस्तु हामीले पाना पछाडीबाट पल्टाएको अनुभूति भैराखेको छ तैपनि यो सबै विषयवस्तुहरु हेर्दा खेरी साँच्चै हामी स्थानीय तहलाई स्वेच्छाचारी बन्ने सम्भावना बढी छ।  त्यसलाई एउटा कानूनको दायरामा मैले अनुभूत गरिराखेको छु प्रदेश सभा निकम्बा बन्दैछ स्थानीय तह स्वेच्छाचारी बन्दैछ यो कुरालाई हामीले ठीक ढङ्गले हल गर्ने एउटा सैद्धान्तिक हिसाबले मतलब एउटा कानूनको एउटा जो गर्न त खोजी गरी राखेका छौ यसले अझै पनि मलाई त्यो लाग्दैन हामी स्थानीय तहको  सन्दर्भमा प्रदेश सभाका सदस्यहरुको भूमिकाको सन्दर्भमा त्यो कानून कानून सङ्गत त्यसको निकटता कति

हुने हो यो कुरा यो कानून भित्र उल्लेख गरिएको छैन। अहिले यसमा दर्ज गर्दै अरु सम्पूर्ण विषयवस्तुहरुमा समर्थन गर्न चाहन्छु । धन्यवाद, नमस्कार ।

**माननीय सभामुख :**

माननीय सदस्य अब माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमानलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय आन्तरिक मामिला तथा कानून मन्त्री श्री हरि बहादुर चुमान :**

माननीय सभामुख महोदय, स्थानीय तहको कानून निर्माण प्रकृयाको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि छलफलमा सहभागी हुनु हुने माननीय सदस्यज्युहरुलाई माननीय सभामुख मार्फत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छुकि स्थानीय तहको यो  कानून निर्माण निर्माण प्रकृयाको आवश्यकता र महत्वको बारेमा आफ्ना भनाईहरु राख्नु भएको छ र यसको आवश्यकता र महत्वलाई अझै जोड पुर्याउनु भएको छ । यहाँ प्रश्न पनि उठ्यो स्थानीय तहले कानून निर्माण गरिसके हामी यो कानून निर्माण प्रकृयाको बारेमा ऐन बनाउँदैछौ यहाँ राखी सक्नु भएको छ प्रदेश सरकारको जन्मनै पछाडी भयो । स्थानीय तह पहिला निर्माण भयो प्रदेश सरकार अर्थात प्रदेश सभा पछी निर्माण भयो अर्थात यसको जन्मनै पछाडी भयो तर पनि यो प्रदेश सभाको जिम्मेवारी भित्रको कुरा हो र हामी सबैले देखेका छौ कि स्थानीय तहले कानून निर्माण त गरिराख्नुभको छ तर अब त्यहाँ थुप्रै अप्ठ्याराहरु अर्थात त्यो यदी हामीले बलैमा दिन सकेको भए त्यो धेरै व्यवस्थित हुन्थ्यो र वहाँहरु पनि कैयौं पटक जसरी हामी प्रदेश सभा नियमावली बनाएर पारित गरेर फेरी पटक पटक संसोधन गर्नु पर्ने आर्थिक कार्यविधि पारित गरेर फेरी संसोधन प्रस्ताव पेश गर्नु पर्ने हाम्रो स्थिति छ भने स्थानीय तहको स्थिति के होला भन्ने कुरा हामी सहज अनुमान गर्न सक्छौ । यस कारण यो स्थानीय तहको कानून निर्माण स्थानीय तहको यो कानून निर्माण प्रक्रिया सम्बन्धी व्यवस्था गर्न बनेको विधेयकले त्यसलाई सहजिकरण गर्ने छ अर्थात त्रुटी रहित कानून निर्माणको प्रक्रियामा वहाँहरुलाई सहयोग पुर्याउने छ। स्थानीय तहलाई सहयोग पुर्याउने छ भन्ने विश्वासका साथ हामीले यो विधेयक ल्याएका छौ र यो स्थानीय तहबाट पटक पटक प्रश्न पनि गरी राख्नु भएको छ सोधि राख्नु भएको छ कि कहिले आउँछ र हामीलाई कानून निर्माण गर्न यो सहज भनेर त्यहाँ अनुरोध पनि ताकेता पनि गरिराख्नु भएको छ त्यसकारण यो सम्मानित सदन समक्ष मैले यस बारेमा यसको आवश्यकता र महत्वको बारेमा थप चर्चा गरी राख्नु पर्दैन यो आवश्यक विधेयक हो र यो हामीले विधेयक निर्माणकै क्रममा पनि धेरैनै छलफल गरेर आएको छौ र यहाँहरुले

पनि यसमा जोड दिनु भएको छ यसका निम्ति फेरी पुन हार्दिक धन्यवाद दिदै अब यो छलफलबाट यो सैद्धान्तिक छलफलबाट यो विधेयक परिपक्व भएको मलाई लागेको छ यतिनै विषय राखेर बिदा हुन्छु । धन्यवाद ।

**माननीय सभामुख :**

अब यो छलफलमा यही समाप्त हुन्छ । माननीय सदस्यहरु अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश आर्थिक कार्यविधि पहिलो संसोधन विधेयक २०७५ माथी  बिचार गरियोस भन्ने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ :**

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ साल जेष्ठ १६ गते प्रस्तुत भएको प्रदेश आर्थिक कार्यविधि पहिलो संशोधन विधेयक प्रदेश नम्बर ४ प्रदेश सभा नियमावलि २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधेयक  माथी  बिचार गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुख :**

माननीय सदस्यहरु अब प्रदेश आर्थिक कार्यविधि पहिलो संसोधन विधेयक २०७५ माथी बिचार गरियोस भन्ने प्रस्ताव माथिको सामान्य छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु यस छलफलमा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्छु ।

छलफलमा भाग लिन सर्वप्रथम म माननीय सदस्य कृष्ण बहादुर थापालाई  छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय कृष्ण बहादुर थापा :**

माननीय  सभामुखज्यू,  सर्वप्रथम  त हाम्रो यो सम्मानित सभाका एकदम आदरणीय हाम्रो सभामुखज्यू अस्वस्थ हुनुहुन्छ सर्वप्रथम वहाँको सुस्वास्थ्यको लागी म हार्दिक शुभेच्छा व्यक्त गर्न चाहन्छु । त्यस्तै गरेर हाम्रो अर्को सदस्य टेक बहादुर घर्ति मगरजि पनि अस्वस्थ हुनुहुन्छ वहाँको सुस्वास्थ्य प्रति पनि म हार्दिक शुभेच्छा व्यक्त गर्न      चाहन्छु । सभामुख महोदय, हामी यो भन्दा अगाडीको हिउँदे अधिवेशन ३६ वटा बैठक सकेर आज हामी यो बजेट अधिवेशनमा प्रस्तुत भएका छौ । गएको अधिवेशन भव्यतापूर्वक सभ्यतापूर्वक र प्रदेश नम्बर ४ को धेरै उपलब्धिहरु हाशिल गरेर लोकतान्त्रिक सुसंस्कारयुक्त सदन बनाएर हामी बिदा भएका थियौ र अहिले पनि विगतको असल परम्परालाई निरन्तरता दिदै अरु

थप योजनाका साथ हामी हाम्रो प्रदेशलाई एउटा समृद्ध प्रदेश बनाउने त्यो महत्वाकांक्षाका साथ यहाँ उपस्थित भएका छौ र अहिले भर्खरै हाम्रो अगाडी आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यूले प्रदेश आर्थिक कार्यविधि पहिलो संसोधन ऐन २०७५ माथी बिचार गरियोस भनेर जुन प्रस्ताव संसोधन प्रस्ताव यहाँ राख्नुभएको छ र यो हाम्रो अहिलेको एक खालको बाध्यता र हाम्रो लागी आवश्यकता बनेको छ किनभने हामीले बनाएको नियमावलीको धारा १३० को ४ उपनियम बमोजिम हामीलेनै १५ दिनको व्यवस्था गर्यौ तर हामीले बनाएको ऐनका १ महिनाको व्यवस्था गर्यो तसर्थ यो १५ दिन र १ महिनाको तारतम्य या कम्बिनेशन नमिलेको कारणले हामीलाई व्यवहारिकतामा अप्ठ्यारो परेको छ। तसर्थ यो आवश्यकतालाई महशुस गर्दै हाम्रो मन्त्रीज्यूले जुन यो हाम्रो संसोधन यहाँ राख्नुभएको छ यो अति आवश्यक छ र यसमा पूर्ण समर्थन गर्दै र हाम्रो यो सम्मानित सभा मार्फत यसलाई समर्थन गरिदिनुहुन पनि अनुरोध गर्दै यो प्रस्तावको म पूर्ण समर्थन गर्न चाहन्छु। हस् धन्यवाद।

**माननीय सभामुख :**

छलफलमा भाग लिन सर्वप्रथम अब म माननीय सदस्य मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु।

**माननीय मेखलाल श्रेष्ठ :**

माननीय सभामुख महोदय, सर्वप्रथम त यस सभाका माननीय सभामुख र माननीय सदस्य टेक बहादुर घर्तिज्यूको शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु। हामी आज आर्थिक मामिला मन्त्री श्री किरण गुरुङज्यूले प्रदेश आर्थिक कार्यविधि पहिलो संसोधनको विषयमा छलफलमा उपस्थित भएका छौ। हामी यो भन्दा पहिलाको पहिलो अधिवेशन प्रदेश सभाको अधिवेशन सफलतापूर्वक सहकार्य र सहमतिका साथ अगाडी बढ्यो। हामी काम गर्दै जादाँ अनेकन गल्तीहरु हुन्छन् ति गल्तीहरुलाई आवश्यकता र सहमतिको आधारमा सच्च्याउँदै जाने परम्परानै लोकतन्त्रको सुन्दर पक्ष हो भन्ने मलाई लाग्छ त्यही लोकतन्त्रको सुन्दर पक्षलाई हामीले अङ्गाल्दै वहाँ आर्थिक मामिला मन्त्रीले ल्याउनु भएको यो पहिलो संसोधनलाई हामी र हाम्रो पार्टीले पूर्ण समर्थन गर्न चाहन्छ र भविष्यमा पनि यो प्रदेशलाई अगाडी बढाउने शिलशिलामा भएका र हुने गल्ती, कमजोरी र त्रुटीहरुलाई सच्च्याउँदै जानको लागी यो सदन यसरीनै सधै अगाडी बढोस सहकार्य र सहमतिका साथ हामी अगाडी बढ्यौ भने यो प्रदेश अवश्य पनि अरु प्रदेश भन्दा भिन्न हुनेछ राम्रो हुनेछ र स्थायित्व प्राप्त गर्नेछ। यसैलाई हामीले सधै सदाबहार कार्यान्वयन र आत्मसात

गर्न सकौ भन्ने शुभकामना र प्रतिवद्दता व्यक्त गर्दै मेरा भनाई यही टुङ्गयाउछु । धन्यवाद जय नेपाल ।

**माननीय सभामुख :**

अब म माननीय सदस्य धनमाया पोखेरेललाई छलफलमा भाग लिन ३ मिनेट समय दिन्छु ।

**माननीय धनमाया पोखरेल लामा :**

माननीय सभामुखज्यू, सर्वप्रथम त यस प्रदेश सभाका सभामुखज्यू र यस प्रदेश सभाका सदस्य टेक बहादुर घर्तिज्यूको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु र आज हामी ४०.५९ प्रदेश सभाको दोश्रो अधिवेशन तथा बजेट अधिवेशनको क्रममा छौ । म प्रदेश सरकारलाई अग्रिम शुभकामना दिन चाहन्छु र राम्रो भन्दा राम्रो हाम्रो आर्थिक कार्यविधि र योजनाहरु ल्याउन अनुरोध गर्न चाहन्छु र हामी आज प्रदेश आर्थिक कार्यविधिको पहिलो संसोधनको क्रममा छौ क्रम क्रममा छौ । यो सरकारको एकदमै सराहनिय पक्ष हो । यसमा म धन्यवाद दिन चाहन्छु प्रदेश सरकारलाई र हामीले हाम्रो प्रदेशमा नीति नीति र विधेयकहरु निर्माण गर्ने क्रममा थुप्रै कमजोरीहरुको महशुश गरेका थियौ र कतिपय हामीले छलफलबाट हल गरेर त्यसलाई राम्रो भन्दा राम्रो बनाएर हामीले विधेयकहरु पास पनि गरिसकेका छौ र फेरी यो हाम्रो आँखाले मात्र हेर्दा त्यो एकदमै राम्रो र सबल भएको महशुश गरेर हामीले त्यसलाई पास पनि गर्यौ र फेरी यलाई बाहिरी रुपमा जाँदा कुनै दृष्टिकोणले त्यसको कमजोर पक्षहरु भएको र विज्ञ मित्रहरुले त्यसलाई प्रदेश सरकारले सच्चाएर जानुपर्छ भन्ने सुझावहरु पनि कही कतै जम्काभेटको क्रममा सुनेको थियो र त्यसलाई प्रदेश सरकारले मनन गर्दै जुन अहिले यो हामीले प्रदेशको आर्थिक कार्यविधिलाई सच्च्याउनको निम्ति र संसोधन विधेयक लिएको छ र यसमा प्रदेश सरकारले ढिलै भए पनि संसोधनको प्रस्ताव ल्याएर सकारात्मक शन्देस दिनुभएको छ यसमा मेरो दल र मेरो व्यक्तिगत तर्फबाट समर्थन जनाउदै मेरो छोटो भनाईहरु यही अन्त्य गर्छु । हस त धन्यवाद ।

**माननीय सभामुख :**

अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ :**

माननीय सभामुख महोदय, म सबै छलफलमा सहभागि हुनुहुने माननीय सदस्यहरुलाई सभामुख मार्फत हार्दिक धन्यवाद दिन चाहन्छु । धेरै भनिरहनु परेन हामीले गल्ति हुन्छकि भनेर थातेर बसेनौ तुरुन्त कामलाई प्रारम्भ गर्ने विधि सम्मत ढङ्गले अगाडी बढदा केही त्रुटीहरु रहे केही कमजोरीहरु रहे र त्यसलाई हामीले अहिले महशुश गर्यौ देख्यौ जान्यौ र त्यसलाई हामीले एउटा सहमतिका आधारमा त्यसलाई संसोधन मार्फत त्यसलाई अब सच्च्याउँ अब सच्च्याउने प्रकृयामा छौ र अब यसमा सबै राजनीतिक दलहरु यो समृद्ध प्रदेश निर्माणका निम्ति सहमति गरेर सहकार्य गरेर अगाडी बढने प्रतिपक्षका माननीय सदस्यहरुले जुन कुरा व्यक्त गर्नुभको छ अब त्यसलाई म हृदय देखिनै स्वागत गर्दै र यो परम्परालाई यो लोकतान्त्रिक अभ्यासलाई अगाडी बढाउनु पर्छ भन्ने कुरामा अब जोड दिदै र म सबै माननीय सदस्यहरुलाई धन्यवाद दिदै म आफ्नो भनाई यही समाप्त पार्छु । हस त धन्यवाद ।

**माननीय सभामुख :**

अब यो छलफल यही समाप्त हुन्छ । माथि उल्लेखित ३ वटा विधेयकहरुमा संसोधन प्रस्ताव पेश गर्न चाहनुहुने माननीय सदस्यहरुले ७२ घण्टा भित्र संसोधनको प्रस्ताव पेश गर्न अनुरोध गर्छु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ १७ गते दिनको ४:०० बजे सम्मको लागी स्थगित हुन्छ ।**

**समाप्त**